२. प्रत्येक बोलपत्रदाताले स्लाइस बमोजिम बोलपत्र पेश गर्न सकिने व्यवस्था भएकोले बोलपत्रदाताबाट एक वा एक भन्दा बढी स्लाईसहरुको लागि बोलपत्र पेश गर्न सकिनेछ र सोही अनुसार छुट्टाछुट्टै स्लाइसका लागि छुटको पनि प्रस्ताव गर्न सकिनेछ । मूल्याङ्कन गर्दा सोही बमोजिम छुट्टाछुट्टै मूल्याङ्कन गरिने र ठेक्का प्रदान गर्दा समग्रमा खरिदकर्तालाई न्यून मूल्य हुने हिसाबले स्लाईस वा स्लाईसहरुको समूहको लागि गरिनेछ ।

३. योग्य बोलपत्रदाताले बोलपत्र कागजातहरु यस प्रयोगशालाबाट लिखित निवेदन पेश गरी प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, मु.अ. कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र माथि उल्लेखित बोलपत्र कागजातको दस्तुर (फिर्ता नहुने) पेश गर्नुपर्नेछ । बोलपत्र सम्वन्धी कागजातहरु हुलाक/कुरियर मार्फत पनि पठाउन सकिनेछ । कुनै बोलपत्रदाताले थप रु.१०००।– सहित बोलपत्र कागजातहरु हुलाक/कुरियर मार्फत प्राप्त गर्न अनुरोध गरेमा हुलाक/कुरियर मार्फत पनि पठाउन सकिनेछ तर त्यसरी हुलाक/कुरियर मार्फत पठाइएको बोलपत्र सम्वन्धी कागजातहरु ढिलो गरी पुगेमा वा डेलिभरी नै नभएमा खरिदकर्ता जिम्मेवार हुनेछैन ।

४. शिलबन्दी गरिएको बोलपत्र गोरखापत्रमा सूचना प्रकाशित मितिले ३५ औं दिन (२०७४।०७।१२) सम्म कार्यालय समय भित्र खरिद गरी सो को भोलि पल्ट मिति २०७४।०७।१३ गते दिनको १२:०० बजे भित्र बुझाउनु पर्नेछ ।

५. तोकिएको समय भित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस प्रयोगशालामा मिति २०७४।०७।१३ गते दिनको २:०० बजे खोलिनेछ । निज वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन । बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनसम्मको लागि बोलपत्र मान्य हुनेछ । बोलपत्रको साथ पेश गरिएको बोलपत्र जमानतको मान्य हुने अवधि बोलपत्रको मान्य हुने अवधि भन्दा कम्तिमा पनि ३० दिन बढि अर्थात् १२० दिन भन्दा बढीको हुनुपर्नेछ ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविक कै मितिदेखि गणना गरिने छ ।

७. कुनै वा सबै बोलपत्र/स्लाइसहरु स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिद कर्तामा निहित रहनेछ ।

८. थप जानकारीका लागि यस प्रयोगशालामा सम्पर्क राख्न सकिने छ ।

नेपाल सरकार
स्वास्थ्य सेवा विभाग
राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला
टेकु, काठमाडौं
२०५०

..........
(डा. रुणा झा)
निर्देशक
निर्देशक

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग

नेपाल सरकार
स्वास्थ्य सेवा विभाग
राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला
टेकु, काठमाडौं
२०५०

# राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकु

## मेशिनरी औजार खरिदको लागि

## बोलपत्र आव्हानको सूचना

मिति: २०७४।०६।०९

## NPHL/ME/NG/NCB/4-5/2074/075

१. यस राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको विभिन्न कार्यक्रमका लागि आवश्यक तपसिलका मेशिनरी औजार खरिद तथा आपूर्तिको लागि योग्य बोलपत्रदाताहरूवाट राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत निम्न शर्तहरुको अधिनमा रही बोलपत्र आव्हान गरिएकोछ ।

| बोलपत्र नं. | स्लाइस नं. | बोलपत्रको विषय | बोलपत्र जमानत रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|
| ४ | १ | 1. Autoclave A<br>2. Autoclave B | ३८०००।- | ५०००।- |
| | २ | 1. Binocular Microscope | ३२४५००।- | |
| | ३ | 1. Blood Bank Refrigerator<br>2.-40$^0$C Plasma Deep Freezer<br>3. Platelet incubator and agitator | ७९८००।- | |
| | ४ | 1. Refrigerated Centrifuge | ७७०००।- | |
| | ५ | 1. Chemiluminescence Immunoassay Analyser | ६८७००।- | |
| | ६ | 1. Centrifuge I<br>2. Colorimeter<br>3. Counting Chamber<br>4. DC Counter<br>5. Sahli Set | ९६५००।- | |
| | ७ | 1. Electrolyte Analyzer<br>2. Fully Automated Biochemistry Analyzer<br>3. Semi Automatic Biochemistry Analyzer | ४४७५००।- | |
| ५ | १ | 1. Hematology Cell Counter (3 Part) | १७८८००।- | ५०००।- |
| | २ | 1. Hot Air Oven B<br>2. Hot Air Oven A<br>3. Incubator A<br>4. Incubator B<br>5. Water Bath | ११५३००।- | |
| | ३ | 1. Micro Pipette Fix<br>2. Micro Pipette Variable | ४२६००।- | |
| | ४ | 1. Electronic Balance<br>2. Plasma Extractor (Manual)<br>3. Tube Sealer | १०४००।- | |
| | ५ | 1. Refrigerator A<br>2. Refrigerator B<br>3. Deep Freezer -20$^0$C | ७६३००।- | |
| | ६ | 1. Single Blood Bag | १२१६००।- | |